# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

सिन्धुलीमाढी

बागमती प्रदेश, नेपाल

प्रमुख ज्यू : ०४७-५२०५४९
उप-प्रमुख ज्यू : ०४७-५२०१४४
जि.स.अ.लेखा : ०४७-५२०३४४
प्रशासन : ०४७-५२०५४४

प.सं. :-
च.नं. :-

## शिलबन्दी बोलपत्रद्धारा काठ/दाउरा लिलाम विक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः- २०८१।०१।१९

यस कार्यालयको कम्पाउण्ड भित्र रहेका वन पैदावार लिलामको लागि आदेश प्राप्त तपशिल अनुसारको वन पैदावार (गोलिया काठ तथा दाउरा) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी वोलपत्र आह्वान प्रक्रियाबाट लिलाम विक्री गर्नुपर्ने भएकोले सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी वोलपत्र खरिद गर्न यो सूचना आह्वान गरिएको छ।

<u>तपशिल</u>

**१३.वन पैदावारको विवरणः**

| सि. नं | वन पैदावारको | | | | | | मुल्याङ्कन (रु.) | | | घाटगद्धी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लट नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट/ चट्टा/) | प्रति इकाई मुल्य रु. | न्यूनतम हुने रकम रु. | संकलन खर्च रु. | |
| १ | १ | चाँप | गोलिया | A | १ | १८.१२ | ७००.०० | १२६८४.०० | २४०.०० | जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली |
| | | चाँप | गोलिया | B | ३ | ३२.७० | ५००.०० | १६३५०.०० | | |
| | | चाँप | गोलिया | C | ४ | २५.१९ | ३००.०० | ७५५७.०० | | |
| २ | | सिसौ | गोलिया | A | ३ | ४३.७९ | ७००.०० | ३०६५३.०० | | |
| | | सिसौ | गोलिया | B | १ | ७.४४ | ५००.०० | ३७२०.०० | | |
| ३ | | खयर | गोलिया | - | ६ | २९.५९ | १०००.०० | २९५९०.०० | | |
| ४ | | धुपी | गोलिया | - | ९ | ३५.३५ | १००.०० | ३५३५.०० | | |
| ५ | | मसला | गोलिया | - | ६ | ५२.४१ | १७५.०० | ९१७१.७५ | | |
| ६ | | मिश्रित दाउरा | चट्टा | - | | ०.५० | ४०००.०० | २०००.०० | ४४००.०० | |

**१४.वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समयर स्थान**

(ग) खरिद गर्नुपर्ने अन्तिम मितिः २०८१।०२।०२ गते कार्यालय समय भित्र

(घ) दाखिला गर्नुपर्ने अन्तिम मितिः २०८१।०२।०३ गते समयः दिनको १२: ०० बजेसम्म जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमा र सोही दिनको २:०० उक्त वोलपत्रहरु खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट उक्त कार्यहरु गरिनेछ ।

१५.बोलपत्र फाराम प्रति लटको रु. १,०००।– (रु. एक हजारमात्र ) यस कार्यालयको कार्यालय कोड नं ३६५००२५०१ मार्फत राजश्व शिर्षक नं १४२२९ र राजश्व खाता नं १०००१००२०००१०००० मा दाखिला गरेको सक्कलै भौचर पेस गरे पश्चात मात्र जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

१६.बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कार्यालय कोड नं ३६५००२५०१ मार्फत राष्ट्रिय वाणिज्य वैंक सिन्धुलीमा रहेको धरौटी खाता नं (क-२-३) १०६०१००१०२०३०००० मा नगदै जम्मा गरेको

# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

सिन्धुलीमाढी

बागमती प्रदेश, नेपाल

प्रमुख ज्यू : ०४७-५२०५४९
उप-प्रमुख ज्यू : ०४७-५२०१४४
जि.स.अ.लेखा : ०४७-५२०३४४
प्रशासन : ०४७-५२०५४४


प.सं. :-

च.नं. :-

सक्कलै भौचर समावेश गर्नुपर्नेछ।

१७.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र उल्लेखित घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

१८.लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, गोलिया काठको हकमा वन नियमावली, २०७९ मा भएको व्यवस्था अनुसार डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सक्कलै निवेदनको साथ पेस गर्नुपर्नेछ।

१९.निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१।०१।१७ गते दिनको २:०० बजे कर्मचारीहरु र वोलपत्र दाताहरुको रोहवरमा खोलिनेछ तर निर्धारित समयमा वोलपत्रदाताहरु उपस्थित नभएमा वोलपत्र खोल्नलाई कुनै वाधा पर्ने छैन ।

२०.लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

२१.बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

२२. बोलपत्र सदर वा वदर गर्ने अधिकार यस कार्यालयका अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ र यस सूचनामा उल्लेख हुन छुटेका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२३. सकारकर्ताले गोलिया काठको हकमा नियमानुसार लाग्ने संकलन तथा ढुवानी खर्च वापतको रकम समेत दाखिला गर्नुपर्ने छ ।

२४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं ९८५४०३४१४८ मा सम्पर्क गर्न सकिनेछ ।